# दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश, नेपाल

## आ.व.२०८२/२०८३ को लागि आन्तरीक आय तर्फको बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०८२/०५/०८**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ,घ (१), घ (२), घ (६) समेतमा भएको व्यवस्था, र कर्णाली प्रदेश आर्थिक ऐन २०८२/०८३ मा भएको व्यवस्था तथा यस गाउँपालिकाको गाउँ कार्यपालिकाको निर्णयानुसार देहायका शीर्षकहरुमा राजस्व असूली सम्बन्धी काम आ.व. २०८२/०८३ को लागि ठेक्काद्धारा गराउन यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र कानूनी प्रक्रिया पूरा गरेका योग्य फर्महरुले दरभाउ पत्र खरिद गरी देहायको मिति र समय भित्र शिलवन्दी दरभाउपत्र यस कार्यालयमा पेश गर्नुहुन अनुरोध छ । साथै यस कार्यालयको वेवसाईड www.darmamun.gov.np मा पनि हेर्न सक्नु हुनेछ । अन्य थप जानकारीका लागि कार्यालय समय भित्र कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।

**आन्तरिक आय ठेक्का विवरण**

| आय ठेक्का नं. | आयको विवरण | आ.व.२०८२/०८३ का लागि कायम न्यूनतम रकम ( मू.अ.कर बाहेक) रु | विक्री तथा निकासी दर वातावरण शुल्क सहित प्रति क्यू फिट रु | कार्य सम्पादन जमानत रकम रु | वोलपत्र जमानत रकम रु | दरभाउपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|---|---|
| DRM/RIVER BED /01/2082/083 | दार्मा गाउँपालिकाको क्षेत्राधिकार भित्र पर्ने मासुगार खोला क्षेत्रहरुबाट **ढुङ्गा** बालुवा गिठ्ठी उत्पादन/विक्रीशुल्क) । | रु २,१८,६३०।८० | .५ | कबोल अंकको ५ प्रतिशत | ६०००।०० | १०००।०० |

**सिलबन्दी दरभाउपत्र सम्बन्धी शर्तहरु :-**

१. दरभाउपत्रको अवधि आ.व. २०८२/०८३ को जेष्ठ मसान्त सम्म रहनेछ । तर ठेक्कामा माल समानको परिमाण एकिन भएको र परिमाण अनुसारकै ठेक्का अंक कायम गरिएकोले आवश्यक प्रकृया पूरा गरी उक्त परिमाण सो भन्दा कम अवधीमा पनि विक्री निकासी गर्न सकिने छ। साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द हडताल आदिका कारण काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ती दावी गर्न पाइने छैन ।

३. माथि उल्लेखित सबै ठेक्काहरु कबोल अंङ्को थप मूल्य अभिवृद्धि कर (१३ प्रतिशत) राजस्व ठेक्का लिने फर्मले सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

५. प्रचलित ऐन बमोजिम कबोल गरेको रकम एकमुष्ठ अग्रीम बुझाएमा ५ प्रतिशत सम्म रकम छुट दिन सकिनेछ । नियमानुसार लाग्ने मू.अ.कर प्रयोजनको लागि भने छुट दिइने छैन। बोलपत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम र दरभाउपत्र फाराम दस्तुर यस कार्यालयको नविल बैंक फारुलाचौर मा रहेका कार्यालयको संचित खाता नं ७३०१०१७५००७५ मा दाखिला गर्नु पर्नेछ ।

६. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. बोलपत्र दिंदा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रीत नपुगी आएको बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८.बोलपत्रमा कुनै विवाद भएमा दार्मा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

९.दरभाउ पत्र पेश गर्दा धरौटीमा आउने रकम यस गाउँपालिकाको नबिल बकैं दार्मा शाखाको धरौटी खाता नं.०७३०१०१७५००२९० मा जम्मा गरी, सोको सक्कल भौचर वा नेपाल राष्ट्र वैंकबाट (क) वर्गको इजाजत प्राप्त वाणिज्य वैकवाट यस कार्यालयको नाममा जारी भएको कम्तिमा ७५ दिन म्याद भएको सक्कल वैंक ग्यारेन्टी विडवन्ड दरभाउपत्र साथ पेश गर्नु पर्ने छ ।

१०.उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र बोलपत्र खरिद गरी १६ औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा शिलबन्दी बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त बोलपत्र हरु सोही दिन दिनको १:०० वजे दार्मा गाउँ कार्यपालिकाको कार्यालयमा खोलिनेछ ।

११. बालुवा गिठ्ठीको उत्पादन तथा विक्री वितरण बापतको दर गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१२.बोलपत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमशः सोको भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

१३.यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त बोलपत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुँदाहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१४.यस सूचना तथा बोलपत्र साथ संलग्न अन्यशर्तहरु पूरा नभएका बोलपत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१५. अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानून बमोजिम हुनेछ ।

## शिलबन्दी दरभाउपत्र सम्बन्धी अन्यशर्तहरु :

१.पहिलो किस्ता बापतको रकम कार्यालयको विभाज्य कोष खातामा जम्मा भएपछि मात्र सिलबन्दी दरभाउपत्र सम्झौता गरिनेछ ।

२. आय रकमको भुक्तानी तालिका देहाय बमोजिम हुनेछ ।

| किस्ता | किस्ता बुझाउँनु पर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | ठेक्का स्वीकृत सम्झौता गर्दाका बखत | कबोल अंङ्कको ५० प्रतिशतले हुन आउँने रकम। |
| दोश्रो | २०८३ साल वैसाख मसान्त भित्र | कबोल अंङ्कको ५० प्रतिशतले हुनआउँने रकम। |

३.ठेक्का कबोल गर्ने ठेकेदारले दार्मा गाउँपालिकाले तोकेको कर उठाउँदा प्रयोग गर्ने विक्री तथा निकासी तर्फका रसिदहरु ठेकेदारले आफ्नो तर्फबाट छुट्टाछुट्टै छपाई उक्त रसिदहरु यस कार्यालयबाट प्रमाणित गराई प्रयोग गर्नुपर्नेछ । प्रमाणित नगरेको रसिदबाट कर उठाएको पाइएमा नियमानुसार कारवाही गरिनेछ ।

४.माथि शर्त नं. ३ मा उल्लेख गरिएका रसिदहरुबाट आम्दानी गरिएको रकम विक्रीमा मू.अ.करको हिसाब निकाल्नको लागि रसिद नं. को क्रम अनुसार लेखाङ्कन गरी खाता र रसिद वार्षिक रुपमा दार्मा गाउँपालकामा बुझाउँनु पर्नेछ ।

५. ठेक्कामा कुनै विवाद भएमा दार्मा गाउँ कार्यपालिकाको कार्यालयको निर्णय अन्तिम हुनेछ ।

६. दार्मा गाउँपालिकालाई बुझाउँनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत गरिने छैन ।

७. जमानी वापत बोलपत्रमा आफूले भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

८.तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा क वर्गको बैंकबाट जारी गरी पेश गरिएको कार्य सम्पादन जमानतबाट सम्झौता अनुसारको ठेक्का रकम असुल उपर गरिनेछ । सोमा ठेकेदारले कुनै किसिमको हर्जना दावी गर्न पाउनेछैन ।

९.कुनै किसिमको परिस्थिती देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१०.प्रचलित ऐन, नियम, कानुन, सम्झौता र सूचनाको शर्त विपरीत कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

११.दार्मा गाउँपालिका भित्रको मासुगार र दार्मा खोलाबाट ढुंगा, गिट्टी, वालुवा, निकाली विक्री तथा निकासी गर्ने क्रममा गाउँपालिका भित्रका पक्की पुल र झो प को तल माथि ५०० मिटर क्षेत्रबाट निर्माण सामाग्री उत्खनन् गरी विक्री तथा निकासी गर्न कानूनले पूर्णरुपमा प्रतिवन्ध लगाएको हुँदा कर संकलकले सो कुरालाई पूर्णरुपमा ध्यान दिनु पर्नेछ ।

१२.कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित भएको बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

१३.यस कार्यालयमा पेश हुन आएका दरभाउपत्र , दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्र दाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालयको प्रतिनिधिको रोहवरमा खोल्न सकिनेछ ।

१४.दरभाउपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसायिक नवीकरण प्रमाणपत्र, स्थायी लेखानम्बर, मु.अ.कर प्रमाणपत्रको प्रतिलिपी र कर चुक्ता प्रमाणपत्र प्रतिलिपी संलग्न राखी पेश गर्नु पर्नेछ ।

१५. दरभाउपत्र फारम नियमानुसारको राजस्व रकम तिरी दार्मा गाउँ कार्यपालिकाको कार्यालय, फारुलाचौर, सल्यानबाट खरिद गरी पेश गर्न सकिनेछ ।

१६. ढुंगा,गिट्टी,बालुवा रोडा आदिको संकलन,उत्खनन तथा निकासीका सम्बन्धमा जिल्ला स्तरीय अनुगमन समिति, दार्मा गाउँपालिकाले दिएका सुझाव तथा निर्देशनहरु ठेक्का लिने पक्षले पूर्ण रुपले पालना गर्नु पर्नेछ ।

१७. उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन कानून तथा ठेक्का स्वीकृति पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

१८.अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

...........................

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत

रेशम ओली

प्रमुख प्रशासकीय अधिकृत